(क) ५० भन्दा कम मजदूरहरू काममा लगाइएको कुनै कारखाना,

(ख) मौसिमी वा कहिले काहीं मात्र काम हुने कुनै कारखाना,

(२) कुनै कारखाना मौसिमी वा कहिले काहीं मात्र काम हुने हो होइन भन्ने प्रश्न उठेमा श्री ५ को सरकारको निर्णय अन्तिम हुनेछ ।

४८. खारेजी गर्दाको अपनाउनु पर्ने विधिः-कारखानाको कुनै नेपाली नागरिक कर्मचारीलाई खारेज गर्दा कारखानाको मालिक र कर्मचारीको बीचमा भएको कबूलियतमा अर्कै व्यवस्था भएमा बाहेक जुन किसिमको काममा त्यस्तो कर्मचारी लागिराखेको थियो त्यस किसिमको त्यस काममा सबैभन्दा पछि भर्नाहुने कर्मचारीलाई पहिले खारेज गर्ने क्रमले खारेज गर्नुपर्छ र यस क्रमानुसार नगरेमा कारणसमेत खोलाई राख्नु पर्छ ।

४९. खारेज गरिएका कारखानाका कर्मचारीलाई पुनः काममा लगाउनेः- कुनै कारखानाका कर्मचारीहरू खारेजीमा परिराखेको भई त्यस्तो कारखानामा पछि थप कर्मचारीहरू भर्ना गर्दा खारेजीमा परेका कर्मचारीलाई प्राथमिकता दिइनेछ ।

५०. यस परिच्छेद अन्तर्गत कारखानाको कर्मचारीले पाउने रूपैयांको भुक्तानीः- दफा ४३ वा दफा ४५ अन्तर्गत कारखानाको कुनै कर्मचारीले पाउनुपर्ने रूपैयांको भुक्तानी सम्बन्धमा पनि यस ऐनको दफा ४० लागू हुनेछ ।

५१. खराब आचरण बापत खारेजीः- (१) कारखानाको कुनै कर्मचारी खराब आचरण बापत दोषी ठहरेमा निजलाई एक पटकमा एक हप्तासम्म जगेडामा राख्न वा पूर्व सूचना बिना वा सूचना बापत क्षतिपूर्ति बिना खारेज गर्न सकिनेछ ।

(२) यस दफाको प्रयोजनको लागि निम्नलिखित कार्यहरू गरेकोलाई खराब आचरण मानिने छः-

(क) व्यक्तिगत रूपले वा कारखानाका अरू कर्मचरीहरूसंग मिली सामूहिक रूपमा माथिल्लो तहका कर्मचारीहरूको कानून अनुकूल तथा मुनासीव आदेशहरूको जानाजानी उल्लंघन वा अवहेलना गरेमा,

(ख) कारखानाको कारोबार वा सम्पत्तिमा चोरी, फरेब वा बेइमानी गरेमा,

(ग) घूस लिएमा वा दिएमा,

(घ) उपयुक्त अधिकरीबाट स्वीकृति नलिई बारबार कामबाट गैर हाजीर भएमा,

(ङ) बारबार काममा हाजीर हुनुपर्ने समय नाघी हाजीर हुने गरेमा,

(च) कारखानाका कानूनी नियमहरूको बारबार उल्लंघन गरेमा

(छ) कारखानामा कामको समयमा हल दङ्गा वा अनुशासन तोड्ने कारवाइ गरेमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) बारबार आफ्नो काममा हेलचक्रचाइं गरेमा ।

(झ) एकै किसिमको कारवाइमा बारबार जरिवाना भएमा वा अन्य सजाय पाएमा,

(ञ) यो ऐन वा सो अन्तर्गत बनेका नियमको प्रतिकूल कारखानामा हडताल गरेमा वा अरूलाई हडताल गर्न दुरूत्साहन दिएमा,

(ट) कारखानाका मजदूरहरूको हित,सुरक्षा र स्वास्थरक्षाको लागि कारखानामा राखिएको कुनै चीज वस्तुलाई जानी जानी दुरूपयोग गरेमा वा नोक्सानी गरेमा वा आफै वा अरू व्यक्तिहरूलाई खतरा हुने गरी जानी जानी वा मनासीव कारण विना कुनै काम गरेमा वा कारखानाका मजदूरहरूको हित, सुरक्षा र स्वास्थ्य रक्षाको लागि राखिएको कुनै चीज बस्तुलाई जानीजानी सदुपयोग नगरेमा ।

## परिच्छेद–९

### विविध

५२. मजदूरहरूको कर्तव्य र दण्ड सजायः- कारखानाका मजदूरले देहायको काम गर्न हुँदैन ।

(क) कारखानाका मजदूरहरूको हित, सुरक्षा र स्वास्थ्या रक्षाको लागि कारखानामा राखिएको कुनै चीज वस्तुलाई जानी जानी दुरूपयोग गर्न वा नोक्सानी गर्न, वा

(ख) आफै वा अरू व्यक्तिलाई खतरा हुने गरी जानी जानी वा मनासिव कारण बिना कुनै काम गर्न, वा

(ग) कारखानाका मजदूरहरूको हित,सुरक्षा,र स्वास्थ्य रक्षाको लागि कारखानामा राखिएको कुनै चीज वस्तुलाई जानी जानी सदुपयोग नगर्न ।

(२) उपदफा (१) को खण्ड(क) वा (ख) वा (ग) वा सो सम्बन्धमा यो ऐन अन्तर्गत बनेका कुनै नियम वा आदेश उल्लंघन गर्ने मजदूरलाई तीन महीनासम्म कैद वा रू. १००। सम्म जरीवाना वा दुवै सजाय हुने छ ।

(३) उपदफा (१)र (२) को अधीनमा रही कुनै कारखानामा काम लगाइएको कुनै मजदूरले यो ऐन वा सो अन्तर्गत बनेका नियम वा आदेश बमोजिमगर्नु पर्ने कुनै कर्तव्यको पालन नगरेमा वा गर्न नहुने कुनै काम कुरा गरेमा निजलाई पच्चीस रूपैयां सम्म जरीवाना हुनेछ ।

(४) कुनै केटा केटी वा नावालिग वा जनाना व्यक्तिले यो ऐनको दफा २७ र दफा २७ क. विपरीत कुनै कारखानामा मजदूरीको काम गरेकाप्रमाणित भएमा, निजको बाबु आमा वा अभिभावक वा निजको जिम्मा लिने वा निज उपर नियन्त्रण राख्ने वा

१५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निजको ज्यालाबाट सोझै फाइदा उठाउने व्यक्तिलाई, सोमजदूरी त्यस्तो बाबु आमा वा अभिभावक वा व्यक्तिको मन्जूरी वा जानकारी अरू वा गफलत विना गरिएको भन्ने अदालतलाई सन्तोष भएमा बाहेक घटीमा पच्चीस रूपैयांसम्म जरीवाना हुनेछ ।

५३. मजदूर र मालिकको प्रतिनिधित्व गर्ने कमिटीः– (१) एकसयभन्दा बढी मजदूर-हरू काम गर्ने कुनै कारखानामा श्री ५ को सरकारले सामान्य वा विशेष सूचना-द्वारा तोकिदिए बमोजिमको तरीकाले मजदूर र मालिकको बराबर प्रतिनिधिहरू भएको कमिटी गठन गर्ने आदेश दिन सक्नेछ । मजदूरहरूको प्रतिनिधिहरूको चुनाव तोकिए बमोजिम हुनेछ ।

तर त्यसरी गठन भैसकेको कुनै कमिटीका काम सन्तोषजनक छैन भन्ने लागेमा श्री ५ को सरकारले सो कमिटीलाई विघटन गरी अर्को कमिटी गठन गर्ने वा अर्को व्यवस्था गर्ने आदेश दिन सक्नेछ ।

(२) मजदूर र मालिकको बीचमा मित्रता र सौहार्दपूर्ण सम्बन्धलाई प्रोत्साहन दिनु कमिटीको कर्तव्य हुनेछ र कमिटीले मजदूर र मालिकको आपसी हित र लाभको कुराहरूमा टिप्पणी गरी त्यस सिलसिलामा आपसको मतभेद हटाउने चेष्टा गर्नेछ ।

(३) यस दफाको प्रयोजनको निमित्त श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

५४. मजदूर र मालिकको झगडाको निर्णयः– (१) मजदूर र मालिकको बीच कुनै झगडा उत्पन्न भएको वा हुने सम्भावनाछ भनी श्री ५ को सरकरलाई लागेम त्यस्तो झगडाको समाधान वा निर्णय गर्न श्री ५ को सरकारले—

(क) झगडाको समाधान गर्न एक वा एकभन्दा बढी व्यक्तिको सम्झौता मण्डल गठन गरी श्री ५ को सरकारमा रिपोर्ट दिन लगाउन सक्नेछ, वा

(ख) झगडाको निर्णय गर्न मजदूरहरूबाट पठाइएको १ जना प्रतिनिधि, कारखानाका मालिकबाट पठाइएको १ जना प्रतिनिधि र श्री ५ को सरकारबाट मनोनीत १ जना व्यक्ति गरी जम्मा ३ सदस्यहरू भएको एउटा ट्राइबुनल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम मण्डलको रिपोर्टको आधारमा श्री ५ को सरकारले दिएको निर्णय र खण्ड (ख) बमोजिम गठित ट्राइबुनलको निर्णय अन्तिम र दुवै पक्ष उपर मान्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन भएको सम्झौता मण्डल वा ट्राइबुनल-लाई आफ्ना समक्ष आएको झगडाको सम्बन्धमा साक्षी प्रमाण बुझ्ने, साक्षीहरूलाई

४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपस्थित गराउने, लिखतहरू पेश गराउने सम्बन्धमा उपदफा (४) मा लेखिए बाहेक अरू कुरामा प्रचलित नेपाल कानून, बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

(४) यो दफा अन्तर्गत आफ्ना समक्ष आएको झगडाको सम्बन्धमा झगडिया वा साक्षी हाजीर हुने म्याद पठाउंदा साधारणतः सो सम्झौता मण्डल वा ट्राइब्यूनलले बाटोको म्याद बाहेक गझडियाको मिमित्त ७ दिन सम्मको र साक्षीको निमित्त ३ दिनसम्मको अवधि तोक्न सक्नेछ । त्यस्तो झगडामा गुज्रेको म्याद थमाउन वा अर्जी खबर गर्न पाईने छैन ।

(५) उपदफा (१) बमोजिम गठन भएको सम्झौता मण्डल वा ट्राइब्यूनलको काम कर्तव्य र अरू कार्यविधि तोकिए बमोजिम हुनेछ ।

५५. इन्सपेक्टरलाई बाधा दिएमा सजायः यस ऐन अन्तर्गत गर्न लागेको कुनै कारवाइमा कसैले जानी जानी इन्सपेक्टरलाई बाधा दिएमा वा निजले आफू छेउ पेश गराउन चाहेको कुनै रजिष्टर किताब वा अरू लिखत आफू साथ भैकन पनि कसैले पेश नगरेमा वा निजले पेश गराउन वा जांच्न चाहेको कुनै मजदूरलाई आफ्नो कब्जामा वा नियन्त्रणमा भैकन पनि कसैले पेश नगरेमा वा जांच्न नदिएमा सो व्यक्तिलाई पांचसय रूपैयासम्म जरीवाना वा तीन महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

५६. अरू दण्ड सजायः यस ऐनको अरू दफा दफामा स्पष्ट रूपबाट लेखिएकोमा बाहेक कुनै कारखानामा यो ऐनका कुनै कुरा वा सो सम्बन्धमा यो ऐन अन्तर्गत बनेका नियम वा दिइएका लिखित आदेशको कुनै कुरा उल्लंघन भएमा सो कारखानाको मालिक र मैनेजरलाई त्यस्तो प्रत्येक कसूरको निमित्त कसूरको मात्रा र किसिम अनुसार पांचसय रूपैयांसम्म जरीवाना वा तीन महीनासम्म कैद वा दुवै सजाय हुनेछ र कसूर प्रमाणित भैसकेपछि पनि कसूर चालूनै राखिएमा त्यसरी चालू राखिएको प्रत्येक दिनको निमित्त थप पचास रूपैयां जरीवाना हुनेछ ।

५७, मुद्दा हेर्ने अदालतः– (१) यस ऐन अन्तर्गतको कसूर बापतको मुद्दा स्थानीय इन्सपेक्टरले आफै दायर गरेमा वा निजको अनुमति लिई अरूले दायर गरेमा मात्र अदालतले हेर्न सक्नेछ ।

(२) यस ऐन अन्तर्गतको कसूर बापतको मुद्दाहरू स्थानीय इलाक अदालतमा दायर गरिनेछ ।

१४३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८. मुद्दा दायर गर्ने अवधि:- (१) यस ऐन अन्तर्गतको कसूरहरू बापत कसूर भएको मितिले तीन महीना भित्र मुद्दा दायर नभै सो मुद्दाको सुनवाइ गरिने छैन ।

तर स्थानीय इन्सपेक्टरले यस ऐन अन्तर्गत दिएको कुनै आदेशको पालन नगरेबापतको मुद्दा कसूर भएको मितिले बान्ह महीनासम्ममा दायर भएमा पनि सो मुद्दाको सुनवाइ गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो अवधि नघाई दायर भएका मुद्दाहरू पनि अदालतको रायमा उचित कारण भए सुन्न सकिने छ ।

५९. इन्सपेक्टरको आदेश उपर अपील लाग्ने:- (१) यो ऐन अन्तर्गत स्थानीय इन्सपेक्टरले कुनै कारखानाको मालिक वा मैनेजरलाई दिएको आदेश उपर चित्त नबुझेमा सो व्यक्तिले सो आदेश प्राप्त भएको ३५ दिन भित्र श्री ५ को सरकार वा श्री ५ को सरकारले तोकिदिएको अधिकारीछेउ अपील गर्न सक्नेछ र त्यसरी अपील परेकोमा श्री ५ को सरकार वा त्यस्तो अधिकारीबाट भएको निर्णय अन्तिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अपील सुन्ने कार्यविधि तथा तत्सम्बन्धी अन्य काम कुराहरू तोकिए बमोजिम हुनेछ ।

६०. नियमहरू बनाउने अधिकार:- (१) यो ऐनको उद्देश्यहरू कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती नियमका विशेष गरेर देहायका विषयहरूको व्यवस्था गर्न सकिनेछ:-

(क) मजदूरहरूको सुरक्षा सम्बन्धी,

(ख) मजदूरहरूले भारी (वजन) उठाउने,

(ग) ओभर टायम काम गराउने शर्तहरू,

(घ) कुन कुन अवस्थामा कस्ता कारखानाहरूलाई यो ऐनको व्यवस्थाहरू बाट छुट दिने,

(ङ) पूरा सभाभन्दा कम (पार्ट टाइम) काम गर्ने कारखानाका कर्मचारी-हरूको वेतनको निम्नतम दर,

(च) वेतन र कारखानाको अन्य तथ्यांक सम्बन्धी रजिष्टर राख्ने र जांच गर्ने ।

९७०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।